बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय चितवन

भरतपुर, चितवन, नेपाल

प.सं.: २०८२/८३ (वन व्यवस्थापन शाखा)
च.नं.

विष्णु प्रसाद आचार्य
डिभिजनल वन अधिकृत

## खडा रुख/पोल लिलाम बिक्री सम्वन्धी विस्तृत सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०२/०६**

श्री वन तथा भू-संरक्षण विभाग, ववरमहल, काठमाडौं र श्री त्रिशक्ति होल्डिङ्गस प्रा.लि., काठमाडौं वीच मिति २०८२/१२/०२ गतेको सम्झौता वमोजिम त्रिशक्ति होल्डिङ्गस प्रा.लि. लाई चुनढुङ्गा उत्खनन गर्न दिनको लागि चितवन जिल्लाको रासी नगरपालिका वडा नं १३ मा रहेको राष्ट्रिय वनको २०.१४ (वीस दशमलव एक चार) हेक्टर जग्गामा भएका विभिन्न प्रजातिका ११८९ (एक हजार एक सय उनानव्वे) गोटा रुख/पोल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा कटान, मुछान तथा घाटगद्दी गरी उठाई लैजान पर्ने गरी मौवा, वाँझी, वोटधयरो खन्यू लगायतका नरम प्रजातिका खडै रुखहरु वोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन पैदावारको कारोवार गर्ने उद्देश्यले दर्ता भई डिभिजन वन कार्यालयमा सूचिकृत तथा अध्यावधिक भएका इच्छुक फर्म वा उद्योगले यो सूचना प्रथम पटक गोरखापत्र, मिति २०८३/०२/०६ मा प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र वोलपत्र खरिद गरी सिलवन्दी वोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ।

१. लिलाम हुने वन पैदावारको विवरणः
प्लट नं. १ कायम गरिएको खडा रुख तथा पोलहरु

| क.सं. | प्रजाति | रुख संख्या | मूल्याङ्कन | | दर रु. | | न्यूनतम मूल्य रु. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | काठ (क्यू.फि.) | दाउरा (चट्टा) | काठ | दाउरा | काठ | दाउरा | जम्मा | |
| १ | असना | १ | ३.६० | ०.०२ | ४०० | ४००० | १४४०.०० | ८०.०० | १५२०.०० | |
| २ | चिलाउन | १२ | ७०.६६ | ०.४३ | २०० | ४००० | १४१३२.०० | १७२०.०० | १५८५२.०० | |
| ३ | जामुन | २ | ४.३९ | ०.०४ | ४०० | ४००० | १७५६.०० | १७६.०० | १९३२.०० | |
| ४ | सल्ला | ३ | ९७.४५ | ०.०९ | २५० | ४००० | २४३६२.५० | ३७६.०० | २४७३८.५० | |
| ५ | सिमल | ३ | ६२.४४ | ०.१३ | १५० | ४००० | ९३६६.०० | ५३६.०० | ९९०२.०० | |
| ६ | सिरिस | १५ | १५४.०८ | ०.५६ | ३०० | ४००० | ४६२२४.०० | २२५६.०० | ४८४८०.०० | |
| ७ | अन्य | १८१ | १२७३.०८ | ९.३१ | १०० | ४००० | १२७३०८.०० | ३७२४०.०० | १६४५४८.०० | |
| | जम्मा | २१७ | १६६५.७० | १०.६० | | | २२४५८८.५० | ४२३८४.०० | २६६९७२.५० | |
| ८ | पोल | ९७२ | ० | १०.४४ | | ४००० | ०.०० | ४१७६०.०० | ४१७६०.०० | |
| कूल जम्मा | | ११८९ | १६६५.७० | २१.०४ | | | २२४५८८.५० | ८४१४४.०० | ३०८७३२.५० | |

२. बोलपत्र खरिद र दाखिला वा पेश गर्ने अन्तिम मिति र समयः

क. बोलपत्र खरिदः २०८३/०२/२६ गते, कार्यालय समय भित्र। सो दिन विदा परेमा सोको भोलीपल्ट।

ख. पोलपत्र दाखिलाः २०८३/०२/२७ गते, दिउसो १:०० बजेसम्म। सो दिन विदा परेमा सोको भोलीपल्ट।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय चितवन
भरतपुर, चितवन, नेपाल

प.सं.: २०८२/८३ (वन व्यवस्थापन शाखा)
च.नं.

ग. बोलपत्र खोल्ने मिति र समयः २०८३/०२/२८ गतेका दिन दिउसो २:०० बजे। सो दिन बिदा परेमा सोको भोलीपल्ट।

घ. बोलपत्र खरिद तथा दाखिला गर्न सकिने कार्यालयहरुः डिभिजन वन कार्यालय चितवन, वन निर्देशनालय हेटौडा, वन तथा भूसंरक्षण विभाग काठमाडौं।

३. बोलपत्र फारामको मूल्यः रु. १०००/- (फिर्ता नहुने)।

४. बोलपत्रमा कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको प्रदेश लेखा इकाइ कार्यालय चितवनको खाता नं. १३१०१००२०२०३०००० मा डिभिजन वन कार्यालय चितवनको नामबाट कार्यालयको कोड ३२९०१३१०१३ मा रकम जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ६ महिनाको लागि बैंक जमानत समावेश हुनु पर्नेछ।

५. लिलाममा भाग लिन इच्छुक काठ/दाउरामा आधारित उद्योगका (वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएको) प्रोप्राइटरले नेपाली नागरिकताको प्रतिलिपी, उद्योग दर्ता प्रमाणको प्रतिलिपी, स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणको प्रतिलिपी र कर चुक्ता प्रमाणको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

६. बोलपत्रमा सकार गरेको रकम अंङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७. बोलपत्र स्वीकृत भएको उद्योग वा फर्मले सकार रकमका साथै अन्य बुझाउनु पर्ने सबै रकम बुझाई नियमानुसार आफ्नै खर्चमा काठ दाउरा सङ्कलन गरी उठाई लैजानु पर्नेछ।

८. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत हुनेछ।

९. अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।

विष्णु प्रसाद आचार्य
डिभिजनल वन अधिकृत

फोनः +९७७-५६-५१०२१५, इमेलः divisionchitwan2020@gmail.com